प्रतिदिन १७ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
प्रतिदिन
PRATIDIN NATIONAL DAILY

विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१७ ।। अङ्क : २२४ ।। २०८२ असोज ११ गते शनिबार (27th Sep 2025 Saturday) | Pratidin National Daily | मूल्य-रु.५/-

फागुन २१ मा दोहोर्‍याउनु पर्ने कि विदा गर्नुपर्ने ?

झापा(प्रस) । आगामी फागुन २१ गते हुने गरी घोषित निर्वाचनका लागि नयाँ अनुहार जेन-जी आन्दोलनको म्यान्डेट भएपनि झापामा पुरानै अनुहारको पुनरावृति हुने देखिएको छ। पुरानै अनुहार र पुरानै कार्यशैलीको पुनरावृत्तिले समाजमा असन्तुष्टि बढ्दा जेन-जी आन्दोलनलाई ऊर्जा मिलेको हो । २०७९ सालको निर्वाचनमा जितेका अनुहारहरु नै आगामी फागुन २१ मा उम्मेद्वार बन्न सक्ने देखिएको हो । ७४ जनाको ज्यान जाने गरी भदौ २४ गते भएको आन्दोलनले नयाँ शासक र नयाँ सत्ता खोजेपनि कांग्रेस र एमालेले सामान्य फेरबदल बाहेक अहिलेका नेताहरुलाई पुरै माइनस गरेर अघि बढ्न सक्ने संकेत देखिएको छैन ।

२०७९को निर्वाचनमा झापा क्षेत्र नं १ बाट कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्मा , २ बाट एमालेका देवराज घिमिरे , ३ बाट राप्रपाका अध्यक्ष राजेन्द्रप्रसाद लिङ्देन , ४ बाट एमालेका लालप्रसाद साँवा र ५ बाट एमाले अध्यक्ष तथा निवर्तमान प्रधानमन्त्री केपी ओली निर्वाचित भएका थिए । तीमध्ये अधिकांश उम्मेद्वार बन्न सक्ने छाटकाट देखिन्छ ।मेचीनगर नगरपालिका वडा नम्बर १० धुलावारी निवासी ५५ वर्षीय कांग्रेस महामन्त्री विश्वप्रकाश शर्मा तेस्रो पटकको प्रयासमा २०७९ को निर्वाचनमा क्षेत्र नं १ को सांसद बनेका हुन् ।

यो क्षेत्रमा ०७४ सालको निर्वाचन वामगठबन्धनका उम्मेदवार नेकपा माओवादी केन्द्रका राम कार्कीसँग शर्मा पराजित भएका थिए । शर्मा ०७० सालको संविधानसभा निर्वाचनमा एमालेका रविन कोइरालासँग पराजित बनेका थिए ।

झापा क्षेत्र नं २ बाट चुनाव जितेर ६९ वर्षीय देवराज घिमिरे प्रतिनिधि सभाको सभामुख बनेका हुन् । नेपाली राजनीतिमा यसअघि एमालेको केन्द्रीय सदस्य रहेका घिमिरे २०५६ मा राष्ट्रियसभा सदस्यमा निर्वाचित भएका थिए ।

जसरी पनि निर्वाचन जित्ने तरिका जानेका राप्रपा अध्यक्ष राजेन्द्रप्रसाद लिङ्देनका लागि क्षेत्र नं ३ पेवा जस्तै भएको छ। ६० वर्षीय लिङ्देन एमालेसंग मिलेर लगातार दुईवटै निर्वाचनमा जितेर सांसद बनेका छन् । उनी पुष्पकमल दाहाल नेतृत्वको सरकारमा उपप्रधान तथा ऊर्जा, जलस्रोत तथा सिंचाइमन्त्री बनेका थिए । बहुदलीय व्यवस्थापछिका दुवै स्थानीय निर्वाचनमा तत्कालीन गोलधाप गा.वि.सं.को वडा अध्यक्ष बनेका लिङ्देन जिल्ला विकास समिति झापाको सभापति (२०६१-२०६३) बनेका थिए ।

५८ वर्षीय लालप्रसाद साँवा (एलपी)ले पनि क्षेत्र नं ४ मा जरा गाडेर बसेका छन् । उनी २०७४ र २०७९ मा लगातार दुईपटक सांसद बनेका हुन् । उनी दोस्रो संविधानसभाको निर्वाचनमा कांग्रेसका केशवकुमार बुढाथोकीसँग पराजित भएका थिए।

क्षेत्र नं ५ त एमाले अध्यक्ष ओलीको निजी जस्तै भएको छ। पटक पटक निर्वाचन जितेका ओली संविधान जारी भएपछिका १० वर्षमा चार पटक प्रधानमन्त्री बनिसकेका छन् ।

माओवादीको केन्द्रीय समिति भंग

झापा(प्रस) । माओवादी केन्द्रले वर्तमान केन्द्रीय समिति भंग गरी आगामी मंसिरमा विशेष महाधिवेशन गर्ने निर्णय गरेको छ । राजधानीको प्रज्ञा भवनमा बिहीबारदेखि सुरु भएको केन्द्रीय समिति बैठकले उक्त निर्णय गरेको माओवादीका प्रवक्ता अग्निप्रसाद सापकोटाले जानकारी दिए । बैठकले महाधिवेशन आयोजक समितिका संयोजकको जिम्मेवारी अध्यक्ष पुष्पकमल दाहाललाई दिएको छ । मौजुदा केन्द्रीय सदस्य आयोजक समितिका सदस्य हुनेछन् । महाधिवेशन आयोजना र पार्टीको दैनिक कामकाजका लागि मौजुदा पदाधिकारी रहेको सचिवालय निर्माण गरिने प्रवक्ता सापकोटाले जानकारी दिए ।

दलबीच ध्रुवीकरणको प्रक्रिया अघि बढाउने र विचार मिल्नेसँग सहकार्य गर्ने निर्णय गरेको छ ।

क्षतिग्रस्त सरकारी संरचनाको सम्बन्धित निकायसँग समन्वय गरी पुनर्निर्माणका लागि पहल गर्ने तथा पार्टीका क्षतिग्रस्त संरचना र अन्य संरचना निर्माणका लागि पार्टीका तर्फबाट पहलकदमी लिने माओवादीको निर्णय छ । तोकिएको समयमा निर्वाचन सम्पन्न गर्ने वातावरण बनाउन र तयारीमा सम्पूर्ण रुपमा होमिने निर्णय गरेको छ ।

जेन-जी आन्दोलनका क्रममा भागेका कैदीबन्दी तथा सामाजिक अराजकताका कारण जनतामा असुरक्षा बढेको निष्कर्ष निकाल्दै माओवादीले स्थानीय जनताको जीउधनको सुरक्षाका लागि विभिन्न तहमा जनसंयोजक परिचालन गर्ने निर्णय गरेको छ ।बिहीबारदेखि सुरु भएको बैठकमा अध्यक्ष दाहालले राजनीतिक प्रतिवेदन प्रस्तुत गरेका थिए । उक्त प्रस्तावमाथि १० वटा समूह बनाएर छलफल गरिएको थियो । दसवटा समूहबाट छानिएका प्रतिनिधिले छलफलको किर्ष प्रस्तुत गरेका थिए । त्यसबीचमा अध्यक्षसहित सबै पदाधिकारीले आ-आफ्नो धारणा व्यक्त गरेका थिए । समूहको प्रतिनिधित्व गर्ने सबै प्रतिनिधिले अध्यक्षको प्रतिवेदनमाथि समर्थन गरेको प्रवक्ता सापकोटाले जानकारी दिए ।

अदला बदला: यतिबेला ओली मुसो, दुर्गा बाघ !

झापा(प्रस)। चैत १५ गते राजधानीमा हिंसात्मक प्रदर्शन गराएको आरोपमा तत्कालीन ओली सरकारद्वारा दुर्गा प्रसाई झापामा पक्राउ परे । करिव पाँच महिनाको जेल जीवनपछि रिहा भएर गृहजिल्लामा प्रसाईले गर्जिरहँदा यतिबेला केपी ओली घर न घाटको जस्तै भएका छन् ।

कारागार मुक्त भएपछि पहिलो पटक झापा आएका राष्ट्र राष्ट्रियता धर्म संस्कृति नागरिक बचाउ महाअभियानका केन्द्रीय संयोजक प्रसाईले बिर्तामोडमा आयोजित कार्यक्रममा बोल्दै अधिकांश समय ओलीलाई नै गाली गरिरहे । उनले आफूलाई पाँच महिना अगाडि केपी ओलीको सरकारले आफूलाई यसै ठाउँबाट हत्कडी लगाएर लगेको स्मरण गर्दै आज नागरिकले आफूलाई यसै ठाउँमा सम्मान गरिरहँदा ओली लुकेर हिड्ने अवस्था आएको बताए । बीएण्डसी अस्पतालका संचालकसमेत रहेका प्रसाईले केपी ओली, शेरबहादुर र प्रचण्डको घर र पैसा जलेर खरानी हुनुका साथै यिनीहरु अब राजनीतिक सुकुम्बासी भएको टिप्पणी गरे । आफू जेलभित्र हुँदा ओलीले बीएण्डसी अस्पतालको खाता रोकेको , आफ्ना श्रीमती र छोरीलाई समेत पक्राउ पुर्जी जारी गरेर अत्याचार गरेको संझिदै उनले बदलाको भाषामा भने, 'यसको हिसाबकिताब एकदिन हुन्छा' कम्युनिस्टहरु उद्गम थलो झापाबाट कम्युनिस्टहरु सकिएको उनको दावी थियो । २० लाखभन्दा मुनिको ऋण आफू मिनाहा गराउने र लिलाम भएका घर जग्गा फिर्ता गर्ने भन्दै उनले साथ दिन आग्रह गरे । आफूलाई प्रधानमन्त्री बन्न प्रधान सेनापतिले आग्रह गरे पनि बिदेशी डिजाइनमा बन्ने प्रधानमन्त्री नखाने जवाफ दिएको प्रसाईले दावी गरे ।

'अहिलेको सरकार पश्चिमाहरुको इशारा बनेको र अब देशलाई पश्चिमाहरुले केहि समयको लागि हाईज्याक गर्छन् ' उनले भने,' अबको समय दुर्गा प्रसाईको हो, जेनजी आन्दोलनको नाममा बच्चाहरुलाई चरा मारेजस्तै मारेर स्थापित भएको पश्चिमाहरुको सत्ता धेरै समय टिक्दैन ।' उनले दशै, तिहार र छठपछि आफूले आन्दोलनको घोषणा गर्ने जानकारी दिएका छन् ।

एमाले, कांग्रेस र माओवादीको कार्यालयमा मात्र किन आगजनी ?

झापा(प्रस) ।झापाको बिर्तामोडमा ६ वटा राजनीतिक दलको जिल्ला पार्टी कार्यालय छन् । तर, जेनजी आन्दोलनका क्रममा तीन वटा दलको कार्यालयमा मात्र आगजनी गरी क्षति पुर्याइयो ।

नेकपा एमाले , नेपाली कांग्रेस र नेकपा माओवादी केन्द्रको पार्टी कार्यालयमा क्षति गरिरहँदा राष्ट्रिय प्रजातन्त्र पार्टी , राष्ट्रिय स्वतन्त्र पार्टी र एकीकृत समाजवादीको पार्टी कार्यालय सुरक्षित रहेका छन् । बिर्तामोडमै भनाई छ ।त्यसो त जेन्जी आन्दोलनमा भएको तोडफोड र आगजनीमा रास्वपा , राप्रपा , माओवादी र दुर्गा प्रसाईका कार्यकर्ताहरु संलग्न रहेको आरोप लागेको छ । त्यसका प्रमाणहरु पनि भेटिएका छन् ।

जेनजी आन्दोलनका क्रममा आन्दोलनकारीहरुले बिर्तामोडमा रहेका तीनवटा राजनीतिक दलको जिल्ला पार्टी कार्यालयमा आगजनी गरिरहँदा सबैभन्दा बढी क्षति नेकपा एमालेलाई पुगेको छ ।

रहेका ती तीन तीन दलको कार्यालयमा चाहिँ किन तोडफोड र आगजनी गरिएन ? एमाले , कांग्रेस र माओवादीको कार्यालयमा मात्रै पालैपालो क्षति गरियो भनेर प्रश्न उठ्न थालेको छ । राप्रपाको कार्यालय बिर्तामोड ४ स्थित पुरानो भद्रपुर रोडको छेउ, रास्वपाको कार्यालय मुख्य राजमार्गमा बिर्तामोड १ स्थित पश्चिम बसस्टेण्डको पूर्वपट्टि र एकीकृत समाजवादीको कार्यालय बिर्तामोड ४ स्थित भद्रपुर रोडमा रहेको छ । राप्रपाको कार्यालय भाडाको घरमा रहेकाले जोगिएको पार्टीकी नेतृ रन्जु प्याकुरेलले बताइन् । उनले आफ्नै कार्यालय भएका तीन दलको कार्यालयमा मात्र आगजनी भएको र भाडाको घरमा भएका पार्टी कार्यालयहरुमा क्षति नगरिएको दावी गरिन् । अरुतिर तोडफोड र आगजनी हुन थालेपछि आफ्नो कार्यालयको झण्डा र बोर्ड लुकाएको उनको बिर्तामोड ४ स्थित एमालेको पार्टी कार्यालयमा भएको तोडफोड र आगजनीबाट ४० लाखभन्दा बढीको क्षति भएको हो । त्यस्तै नेपाली कांग्रेस झापाको पार्टी कार्यालयमा भएको तोडफोड र आगजनीबाट १० लाख बढीको क्षति भएको छ भने माओवादी केन्द्रको पार्टी कार्यालयमा करिव पाँच लाख बराबरको क्षति भएको जनाइएको छ ।

आन्दोलनकारीहरुले २४ गते विहान १० बजेतिर एमालेको पार्टी कार्यालयमा आगजनी गरेका थिए । त्यसपछि उनीहरु कांग्रेस पार्टी कार्यालयमा गएका थिए । कांग्रेस पार्टी कार्यालयमा क्षति पुर्याएपछि आन्दोलनकारीहरु माओवादी पार्टी कार्यालयमा आगजनी गर्न गएका थिए ।

सुदूरपूर्वी नाका काँकडभिट्टा चलायमान

• लक्ष्मी उप्रेती

मेचीनगर । हिन्दुहरुको महान पर्व दशैं नजिकिँदै गर्दा रोजगारीका लागि भारतीय शहर गएका परदेशीहरु घर फर्किन थालेका छन् । नेपालमा आफ्नो कृषि कर्म सम्पन्न गरी उनीहरु विभिन्न खाडी मुलुकसहित भारतका शहरमा कामको खोजीमा जाने र चाडपर्वका बखत आफ्नो पुष्र्यौंली थलोमा फर्किने गरेका छन् । केही दिनदेखि सुदुरपूर्व नेपाल प्रवेशको मुख्य नाका काँकरभिट्टामा दशैं तिहारका लागि स्वदेश फर्किने परदेशीको लर्को निक्कै लामो छ । यसरी नेपाल आउने ती मानिसहरुले नाकामा कुनै पनि प्रकारको समस्या व्यहोर्नु नपरोस् भनेर नेपाल प्रहरीले उच्च सतर्कता अपनाएको इलाका प्रहरी कार्यालय काँकरभिट्टाले जनाएको छ । यसले गर्दा काँकरभिट्टा बसपार्कमा यात्रुको चहलपहल र भीडभाड पनि

निक्कै छ ।

कर्मथलोबाट जन्मथलो फर्किदा उनीहरुलाई भारत तथा नेपालतर्फका नाकामा कुनै समस्या नहोस् भनेर नेपाल प्रहरीले अहिले चेकजाँचमा कडाई तथा उनीहरु कसैको ठगीमा नपरुन् भनेर नाकामा उच्च सतर्कता अपनाएको जनाएको छ । यसअघिमा थुप्रै दशैंमा अनेकौं तनाव व्यहोर्दै नेपाली आफ्नो गन्तव्य पुगेका समाचारहरु आएका थिए । तर अहिले सीमा नाकामा भारतीयदेखि नेपाली सुरक्षाकर्मीले निक्कै कडाई गरेका कारण उनीहरु सहजरुपमा गन्तव्यमा पुग्ने गरेका छन् ।

१३ वर्ष मुम्बई र ७ वर्ष दिल्लीको एउटा कम्पनीमा सुपरभाइजरको काम गरी बाग्लुङका युवराज धौराली शुक्रबार काँकरभिट्टा नाका भएर दशैं मान्न घर

❖ बाँकी तेस्रो पृष्ठमा

बुद्धशान्तिको खुल्लाचौरमा मानिस मृत फेला



झापा(प्रस) । झापा बुद्धशान्ति वडा न.३ स्थित खुल्ला चौरमा एक व्यक्ति मृत फेला परेका छन् । शुक्रवार साँझ ६ बजे बुद्धशान्ति वडा न.३ बुधबारेकी कृष्णमाया संग्रौलाको घरमा डेरा गरी बस्ने अन्दाजी बर्ष ५२ का टुनु साह घोप्टो परी मृत अवस्थामा फेला परेका हुन् । उनको मृत्युको कारण खुलिसकेको छैन । स्थानीयहरुको भनाई अनुसार उनी बिगतदेखि नै अत्यधिक मादक पदार्थ सेवन गर्ने गरेको बुझिएको छ । थप अनुसन्धानको लागि इलाका प्रहरी कार्यालय धुलाबारीबाट प्रहरी निरीक्षक पाण्डवकुमार राजवंशीको कमाण्डमा टोली खटिएर शव पोष्टमार्टमको लागि प्रादेशिक अस्पताल भद्रपुर पठाइएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

सवारी चालक अनुमति पत्र अनिश्चितकालका लागि बन्द

झापा(प्रस) । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयअन्तर्गतको यातायात व्यवस्था विभागले सञ्चालन गर्दै आएको सवारी चालक अनुमति पत्र (ईडीएल) र सवारी दर्ता (ईभीआरएस) सम्बन्धी सम्पूर्ण सेवा अनिश्चितकालका लागि बन्द गरिएको छ।

विभागले शुक्रबार सार्वजनिक गरेको सूचनामा भाद्र २३ र २४ गतेको आन्दोलनका क्रममा मीनभवनस्थित डाटा सेन्टरमाआगजनी भएकाले प्रणाली सञ्चालनमा समस्या आएको उल्लेख छ। यस कारण सर्वर मर्मत सम्भारको काम भइरहेकाले अर्को सूचना प्रकाशित नभएसम्म सेवाहरू उपलब्ध नहुने विभागले जनाएको छ।

यातायात व्यवस्था विभागका अनुसार प्रणाली मर्मत कार्य सम्पन्न भएपछि मात्र चालक अनुमति पत्र र सवारी दर्तासम्बन्धी अनलाइन सेवा सुचारु गरिनेछ।

नागरिक एपमा स्वचालित रूपमा फोटो भेरिफिकेसन हुने

झापा(प्रस) ।नागरिक एपमा स्वचालित रूपमा फोटो भेरिफिकेसन हुने भएको छ । यसअघि म्यानुअल रूपमा हुँदै आएको भेरिफिकेसनलाई अहिले स्वचालित बनाइएको नागरिक एपले जनाएको छ ।

भाद्र २४ गते भएको तोडफोडपछि अहिले नागरिक एप सहायता केन्द्र बन्द गरिएको छ। अहिले कुनै पनि फोन वा इ-मेल मार्फत प्रत्यक्ष सेवामा उत्तर दिन असमर्थ रहेको जनाइएको छ ।

यो अवस्थामा कसैको फोटो अस्वीकृत भएमा एमआरपी साइजको डिजिटल फोटो पुनः अपलोड गर्न अनुरोध समेत गरिएको छ । छिटै सहायता केन्द्र फेरि सञ्चालनमा ल्याउने प्रयत्नमा गरिरहेको नागरिक एपले जनाएको छ ।

व्यवसायीले पुससम्म कर्जा पुनर्तालिकीकरण गर्न पाउने

झापा(प्रस) । जेनजी आन्दोलनका क्रममा भदौ २४ गते भएको असामान्य परिस्थितिका कारण क्षति भएका उद्योग, व्यापार, व्यवसाय, प्रतिष्ठान तथा ऋणीले पुस मसान्तसम्म कर्जा पुनर्तालीकीकरण तथा पुनर्संरचनाको सुविधा पाउने भएका छन् ।

नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरुलाई एकीकृत निर्देशन जारी गरेको छ । पुनर्तालिकीकरण र पुनर्संरचना गरिएका कर्जा असार मसान्तसम्मको वर्गअनुसार नै कायम राख्न भनिएको छ ।

'उपर्युक्त बमोजिम पुनर्तालिकीकरण वा पुनर्संरचना गरिएका कर्जा २०८२ असार मसान्तमा जुन वर्गमा रहेको छ, सोही वर्गमा वर्गीकरण र कर्जा नोक्सानी व्यवस्था कायम गर्नुपर्नेछ' निर्देशनमा भनिएको छ ।

प्रत्यक्ष रुपमा प्रभावित उद्योग/व्यवसाय पुनर्स्थापना गरी सञ्चालन गर्न कर्जा प्रवाह गर्दा व्यवसाय सञ्चालनमा आउन लाग्ने समयसम्मका लागि इजाजतपत्रप्राप्त संस्थाले आफ्नो आधार दरमा बढीमा ०.५ (शून्य दशमलब पाँच) प्रतिशत विन्दु प्रिमियम मात्र थप गरी कर्जाको ब्याजदर कायम गर्नु पर्नेछ । जेनजी आन्दोलनको क्रममा सिर्जना भएको असामान्य परिस्थितिबाट प्रत्यक्ष प्रभावित ऋणी संस्थासँग जोडिएका (फरवार्ड/ब्याकवार्ड लिङकेज) ऋणीलाई प्रवाहित कर्जा सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाले प्रभावको यकिन गरी बुझाउनुपर्ने ब्याजको न्यूनतम ५ प्रतिशत रकम असुल उपर गरी पुनर्तालिकीकरण वा पुनर्संरचना गर्न पाउने छन् ।

नेपालमा बढ्दै गइरहेको डेङ्गु रोगबाट बच्न सुत्नेबेलामा झुल लगाएर सुतौं, पुरा शरिर ढाक्ने लुगा लगाऔं, वरीपरि पानी जम्न नदिऔं । जन्म, मृत्यु, विवाह तथा सम्बन्धविच्छेद जस्ता कुराहरु समयमै दर्ता गराऔं साथै महान चाड बडादर्शै, दिपावली, नेपाल सम्वत् तथा छठ पर्वको अवसरमा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

वडा अध्यक्ष : मदन बुढाथोकी

बिर्तामोड नगरपालिका ३ नं वडा कार्यालय

बिर्ताबजार , झापा

नेपालमा बढ्दै गइरहेको डेङ्गु रोगबाट बच्न सुत्नेबेलामा झुल लगाएर सुतौं, पुरा शरिर ढाक्ने लुगा लगाऔं, वरीपरि पानी जम्न नदिऔं । जन्म, मृत्यु, विवाह तथा सम्बन्धविच्छेद जस्ता कुराहरु समयमै दर्ता गराऔं साथै महान चाड बडादर्शै, दिपावली, नेपाल सम्वत् तथा छठ पर्वको अवसरमा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

वडा अध्यक्ष : अजय कार्की

बिर्तामोड नगरपालिका ८ नं वडा कार्यालय

बिर्तामोड , झापा

नेपालमा बढ्दै गइरहेको डेङ्गु रोगबाट बच्न सुत्नेबेलामा झुल लगाएर सुतौं, पुरा शरिर ढाक्ने लुगा लगाऔं, वरीपरि पानी जम्न नदिऔं । जन्म, मृत्यु, विवाह तथा सम्बन्धविच्छेद जस्ता कुराहरु समयमै दर्ता गराऔं साथै महान चाड बडादर्शै, दिपावली, नेपाल सम्वत् तथा छठ पर्वको अवसरमा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

वडा अध्यक्ष : रोहित प्रसाइ

बिर्तामोड नगरपालिका ५ नं वडा कार्यालय

बिर्तामोड , झापा

नेपालमा बढ्दै गइरहेको डेङ्गु रोगबाट बच्न सुत्नेबेलामा झुल लगाएर सुतौं, पुरा शरिर ढाक्ने लुगा लगाऔं, वरीपरि पानी जम्न नदिऔं । जन्म, मृत्यु, विवाह तथा सम्बन्धविच्छेद जस्ता कुराहरु समयमै दर्ता गराऔं साथै महान चाड बडादर्शै, दिपावली, नेपाल सम्वत् तथा छठ पर्वको अवसरमा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

वडा अध्यक्ष : हरिप्रसाद चम्लागाँइ

बिर्तामोड नगरपालिका ९ नं वडा कार्यालय

बिर्तामोड , झापा

२०८२ सालको विजयादशमी,शुभदिपावली,नेपाल सम्बत् ११४६ तथा छठ पर्वको पावन अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

प्रवन्ध निर्देशक : सुवास भट्टराई

झापा इनर्जी कम्पनी लि. परिवार

वितामोड , झापा

धौलागिरी पारिजात बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड
DHAULAGIRI PARIJAT MULTIPURPOSE CO-OPERATIVE LTD.
बिर्तामोड नगरपालिका-४, झापा

धौलागिरी पारिजात बहुउद्देश्यीय सहकारी संस्था लि.बिर्तामोड ०४,को
उपनिर्वाचन सम्बन्धी अत्यन्त जरुरी सूचना

संस्थाको विनियम २०६१,संशोधित सहित पुनर्लेखन विनियम २०८२ को परिच्छेद ५को दफा ३४(१)अनुसार संचालक समिति ११ जना रहेकोमा उपाध्यक्ष १,संचालक समिति सदस्य २ र सोही विनियमको दफा ३७ (१) बमोजिम लेखा सुपरीवेक्षण समिति संयोजक १ हरुले राजीनामा दिई मिति २०८२ भाद्र ३१ गते बसेको संचालक समितिको बैठकको निर्णय अनुसार राजीनामा स्वीकृत भई बाँकी अवधिको लागि विनियमको परिच्छेद ६ दफा ३४ (११) बमोजिम उप निर्वाचनद्धारा पदपूर्ति गर्नु पर्ने भएकोले निर्वाचन स्वच्छ,पारदर्शी,विवादरहित,निष्पक्ष र प्रजातन्त्रिक तवरबाट सम्पन्न गर्न निम्न अनुसारको निर्वाचन कार्यक्रम सम्पूर्ण शेयर सदस्यहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

निर्वाचन कार्यक्रम तालिका निम्न अनुसारको रहेको छ :

सि.नं	निर्वाचन कार्यक्रम	मिति	समय		स्थान
			देखि	सम्म	
१	मतदाता नामावली प्रकाशन	२०८२/०७/१४	१० बजे	११ बजे	संस्थाको कार्यालय
२	मतदाता नामावली छुट/समावेश/सच्याउने	२०८२/०७/१४	११ बजे	१ बजे	संस्थाको कार्यालय
३	मतदाता नामावली उपर दावी बिरोध	२०८२/०७/१४	२ बजे	४ बजे	संस्थाको कार्यालय
४	अन्तिम मतदाता नामावली प्रकाशन	२०८२/०७/१४	४.३० बजे	५ बजे	संस्थाको कार्यालय
५	उमेद्धवार मनोनयन दर्ता	२०८२/०७/१६	१०.०० बजे	२ बजे	संस्थाको कार्यालय
६	उमेद्धवार नामावली प्रकाशन	२०८२/०७/१६	२.३० बजे	३ बजे	संस्थाको कार्यालय
७	उमेद्धवार उपर दावी बिरोध	२०८२/०७/१६	३.३० बजे	२ बजे (२०८२/०७/१७)	संस्थाको कार्यालय
८	दावी बिरोधपश्चात् पुनः उमेद्धवार नामावली प्रकाशन	२०८२/०७/१७	२ बजे	३ बजे	संस्थाको कार्यालय
९	उमेद्धवार मनोनयन फिर्ता	२०८२/०७/१७	३ बजे	१२.०० बजे (२०८२/०७/१८)	संस्थाको कार्यालय
१०	अन्तिम उमेद्धवार नामावली प्रकाशन	२०८२/०७/१७	१ बजे	२ बजे	संस्थाको कार्यालय
११	प्रचार प्रसार				
१२	मतदान	सूचना प्रकाशनपछि			
१३	मतगणना	सूचना प्रकाशनपछि			
१४	परिणाम घोषणा	सूचना प्रकाशनपछि			

संयोजक
निर्वाचनउपसमिति

धौलागिरी पारिजात बहुउद्देश्यीय सहकारी संस्था लि.
बिर्तामोड ०४, झापा

कर्जा बुझाउने ३५ दिने सूचना
मिति : २०८२/०६/१० गते

तपशिलमा उल्लेखित ऋणीले ऋण कर्जा लिदाको बखत गरेको लिखित सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनुपर्ने सांवा तथा ब्याज चुक्ता भुक्तान गर्न पटक पटक लिखित तथा मौखिक तरतागेता गर्दा समेत ऋण चुक्ता भुक्तान नगरेकाले आजका मितिवाट ३५ दिन भित्र सांवा, ब्याज चुक्ता भुक्तान गर्न यो सार्वजनिक सूचना प्रकाशित गरिन्छ । अन्यथा प्रचलित कानुनले दिएको अख्तियार प्रयोग गरि धितो सुरक्षणमा रहेका सम्पत्ति लिलाम विक्रीवाट संस्थाको सम्पूर्ण बक्यौता असुल उपर गरिनेछ ।

तपशिल

ऋणीको नाम,थर ठेगाना	धितो सुरक्षणको विवरण
नाम : विभा झा बुवा : नरेन्द्र झा पति : सुरेश कुमार झा जन्म मिति : २०३४/०८/०२ जन्म स्थान : संग्रामपुर ०४, रौतहट हालको ठेगाना : बिर्तामोड ०१, झापा नागरिकता नं. : २९१७३१०१, सर्लाही नागरिकता जारी मिति : २०५४/०४/२३	जग्गाको कित्ता नं. : ३७३० क्षेत्रफल : १४८.१५ व.मि गा.वि.स : चारपाने वार्ड नं. ०३ नक्सा सिट नं. : ०३ मोठ नं. : २०७३।०१ पाना नं. : ८३४२
नाम : गेहेन्द्र प्रसाद अधिकारी बुवाको नाम : होमनाथ अधिकारी हजुरबुवाको नाम : भगिरथ अधिकारी जन्म मिति : २०३३/०२/०६ जन्म स्थान : इलाम हालको ठेगाना : अर्जुनधारा न.पा. वार्ड नं०८ नागरिकता नं. : ८२३१३९८४ नागरिकता जारी मिति : २०५१/०५/०२, झापा	जग्गाको कित्ता नं. : १९२८ क्षेत्रफल : १२२।७४ व.मि गा.वि.स : शनिश्चरे वार्ड नं. ०२ नक्सा सिट नं. : २ मोठ नं. : १८३६

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

सम्पादकीय

नेपालीको नियति

प्रत्येक दशकमा यो मुलुकले भोग्दै आएका राजनीतिक उथलपुथलको हामी फेरि सिकार भएका छौं। यही भदौ २३ र २४ गते मुलुकले अकल्पनीय स्थिति सामना गरेको छ। मुलुकका ७४ होनहार सन्ततिको अकालमा ज्यान गएको छ। देशका कैयन् महत्वपूर्ण सम्पदा खरानी भएका छन्। सबैभन्दा पहिले यो मुलुकको राजनीतिमा हाबी प्रमुख नेताहरूले यो परिस्थितिलाई बुझेर काम गर्नुपर्ने अवस्था छ।

हामीले यो मुलुकमा प्रणालीको स्वाभाविक विकासक्रमभन्दा पनि बलात् परिवर्तनको चाहना राखेका छौं। ठुल्ठुला ध्वंस गरेर फेरि हामी उठ्न खोज्छौं। अलिकति सम्हालिएर उठ्न खोज्दाखोज्दै फेरि अर्को हुन्डरीको सिकार हुन्छौं।

जेनजीले मुलुकमा भ्रष्टाचारको अन्त्य र पुराना नेताबाट मुक्तिको अपेक्षा गरेका थिए। तर, तिनको आन्दोलनको आडमा जुन तहको तहसनहस मुलुकमा भएको छ, त्यसले तत्काल उठ्न हामीलाई सहज छैन। अझै लामो समय हामीले कोसिस गर्नुपर्ने अवस्था छ। त्यति मात्र होइन, कसले र कुन नियत राखेर हाम्रा सिंहदरबार, सर्वोच्च अदालत, संसद् भवन, विभिन्न कार्यालय, प्रतिष्ठान र संरचना ध्वस्त पार्ने काम गऱ्यो? यो अनुमानमै सीमित छ। हाम्रो मुलुकका केही नेतालाई परिवर्तन गर्ने योजना पूरा गर्न मात्र यत्रो ताण्डव गरियो होला भन्न सकिन्न।

मुलुक यतिबेला अन्तरिम सरकारले चलाइरहेको छ। संसद् विघटनको अवस्थामा छ। सुरक्षा निकायहरू मनोबल गिरेको छ। यस्तो विषम परिस्थितिबाट मुलुकलाई उठाउनुपर्ने गम्भीर दायित्व छ। यस अवस्थामा बदलाको राजनीति गर्न उकास्ने स्थिति पनि त्यतिकै छ। मुलुकमा विद्यमान यही तरल अवस्थाले परिस्थितिलाई अरु जटिल बनाउन सक्ने खतरा पनि उत्तिकै हुन्छ।

यसकारण निर्वाचन प्रयोजनका लागि जेनजी आन्दोलनको अदेशानुसार बनेको पूर्वप्रधान न्यायाधीश सुशीला कार्की नेतृत्वको सरकारले आफूलाई निर्वाचनमै केन्द्रित गर्नु उचित हुन्छ। यस पक्षलाई उनले अनुभव गरेको देखिएको छ। प्रधानमन्त्री कार्कीले बिहीबार राष्ट्रका नाममा सम्बोधन गर्दै निर्वाचनलाई प्राथमिकतामा राखेको बताएकी छन्। हो, तत्कालका लागि आन्दोलनका क्रममा भएको जनधनको क्षतिको अध्ययन गरी कारबाहीको दायरामा ल्याउनु नै छ। त्यसैगरी मुलुकमा भ्रष्टाचारमा संलग्न व्यक्तिलाई पनि कानुनको दायरामा ल्याउनुपर्नेछ। त्यसका निम्ति पनि अधिकारसम्पन्न उच्चस्तरीय आयोग बनाउनु उचित हुन्छ।

आन्दोलनमा गरेको गल्ती वा विगतको कुनै अपराधका निम्ति कारबाहीको दायरामा ल्याउँदा पनि कानुन उल्लंघन गर्न मिल्दैन। कसैप्रति जबर्जस्ती गर्न खोजेको जस्तो अवस्था रहेको भने त्यसले स्थितिलाई थप अप्ठ्यारो बनाउन सक्छ। त्यसैले कानुन अनुसार नै सबै काम गर्न तयार हुनुपर्छ।

विद्या रुँदा किन अट्टहास गर्छन् ओली ?

• मिथिला पोखरेल

लेखक राधिका शाक्य बालकोटस्थित आगो लगाएर खरानी पारिएको आफ्नो घर हेर्न जानु भएछ । आफ्नो जागिरे जीवनबाट पाइपाइ जोगाएर आफैंले बनाएको घरको हालत देखेर उहाँ धुरुधुरु रुनु भयो । यो उहाँको रुवाइ मुटु नै चुड्ने खालको थियो । पुस्तकालय र विभिन्न देशबाट प्राप्त उपहारहरु रहेछन् तर ती सब डढेर खरानी भएका रहेछन् । राधिकाले त्यही खरानी निधार र सिउँदोमा लगाउनु भयो । त्यसपछि भक्कानिने गरी रुँदै भावी पुस्ताका लागि समर्पण गर्न जतन गरेर राखिएका अमूल्य सामानमा आगो लगाए भन्नु भयो । र उहाँ धुरुधुरु रुनु भयो । यो उहाँ रुवाइ चानचुने खालको थिएन । देख्ने र सुन्ने मान्छेलाई समेत धर्धरी रुवाउने खालको थियो । एकातिर यस्तो दर्दनाक दृश्य थियो भने अर्कातिर प्रथम महिला राष्ट्रपति तथा एमाले पूर्व उपाध्यक्ष विद्या भण्डारीप्रति पार्टी अध्यक्ष ओलीले बारबार विद्याको मुटु छेड्ने बोली वचन सुनिएको र देखिएकै थियो । विद्याप्रति ओलीले व्यक्त गरेको सहनै नसक्ने मनगढन्ते वचनबाट महिला पीडित भएको अवस्था थियो । तर विद्या भण्डारी राजनैतिक र राजकीय औकात र हैसियत अनुसार खुल्ला रुपमा क्वाँ क्वाँ गरेर रुनु भएन । उहाँ भित्रभित्रै कति रुनु भयो होला,के कति दुखित हुनु भयो होला, रात विरात र एकान्तमा रुँदा सिरानी पनि भिजे होलान् ? यो कुरा महिला भएर र अझ एकल महिला भएर सोच्दा थाहा हुन्छ । एकल महिलाको सन्दर्भ किन उठाइएको हो भने राधिका शाक्यले त सारा दुख्ख पोख्ने पात्र ओली हुनुहुन्छ । जो पायो त्यही सित क्वाँ क्वाँ रुनु भएन । यसरी आफ्ना पसिना र पौरखले बनेको घर जल्नुमा प्रधानमन्त्री ओली नै एक मुख्य कारण हो भन्ने शाक्यले बुझेकै हो । ओलीले सामाजिक सन्जाललाई जवर्जस्ती प्रतिवन्धित गर्दाको परिणाम नै यो विध्वंश हो भन्ने शाक्यले राम्ररी बुझ्नु भएकै हो तर पनि यस्ता कुरा शाक्यले ओलीसमक्ष भन्न सक्नु हुन्न किनकि राधिका शाक्यले अलि पहिले पनि ओलीको जिद्दीपनाबाट आफैं वाक्क र दिक्क भएको कुरा गर्नु भएको थियो । यस्ता असह्य पीडा राधिकाले व्यहोर्नु भएको थियो । ओली स्वयंले पनि म अलिअलि जिद्दी स्वभावको छु भनेर केही दिनअघि भन्नु भएको थियो । तर मलाई लाग्छ ओलीमा असाध्य धेरै जिद्दीपना घमण्डीपना र अहं रहेछ । अर्थात् राधिका शाक्यलाई घर जल्नुमा ओली नै कारक हुन् भन्ने राम्ररी बुझेको लागेको छ । कुरै कुरामा डा. पोखरेलले ओली सरकार सरकारविहीन जस्तो रहेछ भन्नु भयो । उहाँले सरकार भनेको राज्य सञ्चालन गर्ने संगठन,संयन्त्र र यसको सन्जाल हो तर ओलीले राज्य सञ्चालनका सम्पूर्ण अवयव ध्वस्त र निकम्मा पारेको पोखरेलले बताउनु भयो । न सूचना न संयन्त्र छ, न गुप्तचर विभाग छ न त कुनै पूर्वतयारी छ । निरा नामका राजाले भैं बाँसुरी बजाएर भजन र भृत्य भण्डलीले घेरिएर बस्दाको दुष्परिणाम पार्टी र देशले भोग्नु पर्यो । एउटा शासक घरका वा देशका भएभरका झ्याल ढोका खुल्ला राखेर कसरी सुत्न सक्छ ? त्यसमा पनि बाह्य हस्तक्षेपको खतरा छ भन्ने जानेर पनि सत्ता र शक्तिको नसामा मस्त भएर कसरी घुरेर सुत्न सक्छ ? चोर र डाका घरभित्र सजिलै पस्न दिने शासक वा प्रधानमन्त्री के प्रधानमन्त्री ? आफ्ना हातका हात हतियार र सारा संयन्त्र उचित रुपमा परिचालन गर्न नसक्ने शासक शासक होइन, देश नाशक हो । यति कुरा अति सामान्य मान्छेले पनि बुझ्ने कुरा हो । देशैभरि लामै समयदेखि हत्या हिंसा र आगजनीको तयारी गरेको थाहा नपाउने र नलिने नहुने शासक नै लम्पट हो । पोखरेलको आक्रोश अझ बढ्दै गयो र उहाँले फेरि भन्नु भयो- देश र जनताका हितमा समर्पित भएर चलाखीपूर्वक लाग्न निर्देश नगरी आफ्नै वरिपरि फनफनी घुम्न र चाकरी बजाउन मात्र मन पराउँदा सबै राज्य यन्त्र ओलीले निकम्मा पारेको पोखरेलले बताउनु भयो । डा. पोखरेलले गुरु बराल,प्रदीप ज्ञवाली, रिमाल,गौतम,भट्टराई ढकाल र थापा थरि नेतालाई अलि पहिलेदेखि नै फोन र एसएमएस मार्फत् ओलीलाई चपरी मुनि पार्न लागिपर्नु भएमा अग्रिम बधाइ दिनु भएको थियो । एकाघरको भएकाले यति कुरा मैले थाहा पाएकी थिएँ । नपत्याउने खोलाले बगाउँछ भन्ने राम्रै जाने बुझे पनि भाटहरुबाट घेरिएर बस्दा यस्तै हुन्छ । भाटले देशमा सब ठिकठाक छ अमन चैन छ नभने खैरियत छैन । त्यसैले भाटहरुले भात खाए, पचाए तर अहिले सबै दोष ओलीका थाप्लामा थुपार्ने स्थिति देखिदैछ । आखिर हुने कुरा नै यही हो । माओका पालामा माओलाई उचाल्दै पछार्न खोज्ने ग्याङ अफ फोर थिए रे । आखिरमा तिनले माओलाई परित्याग गरे । डा. पोखरेलले ओलीका पनि ग्याङ अफ फोर्टिन छन् रे थिए रे तर ती अब जुम्राले छाडेभैं ओलीलाई छाड्दैछन् ।

कुरो चाहिं के भने राधिका शाक्यले त ओलीलाई आफ्ना मनका पीडा भन्नसक्नु हुन्छ । स्पष्ट रुपमा नभने पनि हाउभाउ अनुहार र आँसुबाट तपाईंकै जिद्दीपनाले यो हालत भयो भन्नु हुन्छ शाक्यले । यति कुरा ओलीले नबुझ्ने कुरा छैन तर अब बुझेर के गर्नु र तर पनि ओली स्वयं एक पत्रकारसित आँखाभरि आँसु पारेर अनुहारमा पश्चाताप भाव देखियो ।

। ओलीले धेरै खिन्न पनि किन हुनु पर्यो. र आखिर प्रधानमन्त्री हुँदा उहाँले देश र जनताका हितमा अनेकौं उल्लेखनीय कामहरु गरेकै हो । यत्ति हो कुरा के हो भने जीवनको अन्तिममा पहिलेका सरकार जति सबै बिर्साउने खालका काम गर्नु भयो । राधिका शाक्यसित ओली दुख्ख बिसाउने पात्र हुनुहुन्छ तर विद्या भण्डारीले आफूलाई भतभती छाती पोल्ने गरी प्रहार गरिएका दुर्वाच्य दुख्ख कहाँ बिसाउनु र ? छोरी ज्वाईं र देवरका अगाडि धरधरी रुन पनि मिलेन । विद्याको मन मुटु र हृदय कति भाँच्चियो होला राधिका शाक्यका पीडामा गहभरि आँसु पार्ने ओलीले विद्याको पीडा मनन गर्लान् र ? विद्या भण्डारीका अगाडि वा सामु आफ्ना प्रिय प्राण सखा मदन भण्डारीलाई चारचारवटी जोइको पोइ, साझाको डाका आदि आदि तथानाम बोल्दा एउटी गृहिणीको मन कति रोयो होला ? मान्छे हो भने अरुका पीडा पनि देख्न बुझ्न र मनन गर्न सक्नुपर्छ । अझ त्यसमाथि तमाम सुख सुविधा र शान सौकात त्यागेर सक्रिय राजनीतिमा आउन पहिले सहमति दिने ओलीले नै विद्याप्रति तथानाम बोल्दा विद्याको मन कति रोयो होला तर भित्रभित्रै र एकान्तमा रोए पनि बाहिर क्वाँ क्वाँ गरेर रुन मिलेन नि । त्यसमा पनि आफ्नो वासस्थानमा बिनबित्थामा आगो लगाएर खरानी पार्दा विद्या भण्डारीलाई वज्रपात परेको हो नि । तै पनि विद्या धीर गम्भीर भएर भविष्यप्रति आशा आस्था र विश्वास राखेर धैर्य गरिरहनु भएको छ । अझ उहाँले देशको यो गम्भीर अवस्थाको निकासका लागि २०० वरिष्ठ बुद्धिजीवीका बीच राष्ट्रिय संवाद कार्यक्रम यही असोज ९ गते राखेर अभिभावकीय भूमिका निर्वाह गर्नु भयो । उहाँले आफ्ना निवासमा २०८२ को तीजका अवसरमा दर खान बोलाउनु भएको थियो । संयोगले काठमाडौंमा रहेकी हुँदा म समेत सहभागी भएकी थिएँ । वरिष्ठ महिला नेता सीता शर्मा विश्वेश्वरा दाहाल,शर्मिला कार्की आदि दिदीबहिनीहरु भेला भएका थियौं । त्यहाँ अनेम संघका अध्यक्ष टुका हमाल, महासचिव पेमा लामा, इन्दु गौतम रुक्मणी कोइराला लगायत महिला उक्त कार्यक्रममा आएनन् । ओली र उहाँका गुटकाले थाहा पाउलान् भन्ने भयले तिनीहरु नआएको थाहा भयो । अनेम संघ केन्द्रमा नै ओलीले आफ्नो निकृष्ट स्वार्थ केन्द्रित गुट बनाएको त्यहीं थाहा भयो । आफ्नो एकाघरको अभिभावकत्व लिन नसक्ने नेता कसरी देशको नेता हुन्छ होला अचम्म लागेको छ । आफूलाई पीर पर्दा रुने मान्छेले उषाकिरण र निशाकुसुमको पीडालाई कसरी चरम बेवास्ता गर्न सक्छ ? तर गर्दो रहेछ । एकल महिला भनेर गरिने चरम हेला होचो पनि बिझाउने खालको पाइयो । यो त गणतन्त्र काल हो नि तर पनि महिला वर्ग नै महिलाको पीडालाई किन बुझ्दैनन् किन मनन गर्दैनन् ? महिलाको आँसु र रोदनले तिनलाई अलिकति पनि पोल्दैन ? जननेता मदन भण्डारीले सिद्धान्त र नेताको कहिल्यै पनि भजन कीर्तन नगर्नु भन्नु भएको छ । तर ओली कालमा त्यही भजन र कीर्तनले पार्टी खत्तम स्थितिमा पुगेको हो । यसैले गर्दा देशको यो हालत भएको हो । अझै ओलीमा चेत आएजस्तो लागेको छैन । ससाना विषयमा पार्टीको धारणा प्रकाशित गर्ने पार्टी एमाले अहिलेको संकटपूर्ण अवस्थामा चुपचाप देखिन्छ । ओली पार्टीको बैठक नै बोलाउन चाहिरहेका छैनन् । तर एमाले नेता र कार्यकर्ता समर्थक शुभचिन्तक जनहरु ओलीकै अहं र चरम घमण्डका कारण देश र पार्टीको यो अवस्था आएको हो भन्दैछन् । एमाले मोरङ जिल्ला समितिद्वारा आयोजित जिल्ला स्तरीय बौद्धिक भेलामा अधिकांश बुद्धिजीवीले खुल्ला रुपमा पार्टी अध्यक्षकै कारण देशको यो अवस्था आएको हो भने । तित्राको मुखै बैरी जस्ता कुरा उठाएर बुद्धिजीवीले पार्टी पुनर्गठन गरिहाल्नु पर्ने बताए । अहिले पनि एमालेमा जबज र मदन भण्डारीको प्रभाव कायम छ । पातलै भए पनि अरु पार्टी भन्दा जनाधार एमालेमै छ । त्यसैले धेरै निराश हुनुपर्ने अवस्था पनि छैन । यसैले एमाले इटहरीले सबैभन्दा पहिले नगर समितिको बैठक जुममार्फत् गरेर संगठनलाई सक्रिय हुने सन्देश दिएको छ र नगर अध्यक्ष रुपेश बस्नेतले पार्टीमा उहिलेदेखि आइरहेका र र भागिरहेका समस्याहरु उजागर गर्दै निराश नहुन नेता र कार्यकर्तालाई आग्रह गरेका थिए । तर पार्टीको माथिल्लो तहका अधिकांश एमाले नेताहरुका पार्टीमा बेलाबेला गम्भीर समस्या देखापरेका हुन् । कार्यकर्ता, जनता र महिलाका आँसु र पीडा देखेर पनि नदेखेभैं गर्ने महिला संगठनको औचित्यमाथि नै प्रश्न उठाउनु पर्ने देखियो । आफ्ना अग्रज तथा सम्मानित महिलाको चिरहरण गरेको पनि ट्वाल्ल परेर हेर्ने महिला के महिला अनि यस्ता संगठन के संगठन ? दासभैं जिउने हो भने कम्युनिस्ट नै किन हुनु पर्यो ? पूर्व राजा ज्ञानेन्द्रकै पाउ पखालेर आचमनी गरे भैहाल्थ्यो । अलिकति पनि इमान, जमान, बुद्धि, विवेक नहुनु र गुहु र गोबर पनि छुट्याउन नसक्ने हो भने दुई खुट्टा टेकेर उभिभनेबित्तिकै कसैले पनि मान्छे भन्दैनन् टुका हमालजी ।

(इटहरी निवासी लेखक एमाले कोशी प्रदेश सल्लाहकार हुन् ।)

सुशासन कायम गर्न जवाफदेहिता

• डा. प्रकाशकुमार श्रेष्ठ

नेपालमा छिटो छिटो राजनीतिक आन्दोलन र परिवर्तन हुने गरेको छ । भर्खरै जेनजी पुस्ताको आन्दोलन भएर राजनीति नयाँ मोडमा आइपुगेको छ । जनअपेक्षा, आकाङ्क्षा र आवश्यकता अनुरूप आर्थिक विकास र सार्वजनिक सेवा प्रवाह हुन नसक्दा जनअसन्तोष र सरकारविरोधी गतिविधि बढ्न गई छिटो सरकार परिवर्तन हुने गरेको छ । जसले गर्दा राजनीतिक अस्थिरताले निरन्तरता पाइरहेको छ । नेपाली अर्थतन्त्रमा केही दुष्चक्र रहेका छन्, जसलाई नतोडेसम्म राजनीतिक परिवर्तनले मात्र नेपाली अर्थतन्त्र अगाडि बढ्ने देखिँदैन ।

अर्थतन्त्रका दुष्चक्र

विकास अर्थशास्त्रमा गरिबीको दुष्चक्रबारे धेरै चर्चा हुने गर्छ । गरिब र विकासशील देशमा यो चक्र चलिरहने हुँदा विकासको गति बढ्न सक्दैन भन्ने बुझाइ छ । अल्पविकसित देशका बासिन्दाको आय न्यून हुन्छ, यसले गर्दा बचत कम हुन्छ । बचत कम भएपछि लगानी कम हुन्छ, जसले गर्दा पुँजी निर्माण हुन सक्दैन । फलस्वरूप, रोजगारी सिर्जना र उत्पादकत्व कम हुन्छ, जसले गर्दा आम्दानी कम हुन्छ । यसरी न्यून आम्दानीको स्थितिमा सुधार हुन सक्दैन र सधै गरिबीको अवस्थामा रुमलिरहनुपर्ने हुन्छ । यस्तो अवस्थालाई गरिबीको दुष्चक्रका रूपमा बुझिन्छ । यस्तो दुष्चक्र तोड्न वैदेशिक सहयोगको अवधारणा सुरु भएको हो । न्यून आयको कारण कम बचत भई लगानी कम रहेको अवस्थामा वैदेशिक सहयोगले लगानी बढाउन सहयोग पुऱ्याउने र लगानी बढ्दा रोजगारी र उत्पादकत्व बढेर गरिबीको दुष्चक्र तोड्न सकिन्छ । यसै आधारमा विकसित राष्ट्रहरूले गरिब र कम विकसित देशमा वैदेशिक सहयोग दिन थालेका हुन् । खास गरी द्वितीय विश्वयुद्धपछि वैदेशिक सहयोगको अवधारणा बढेको पाइन्छ ।

नेपाली अर्थतन्त्रमा गरिबीको दुष्चक्र मात्र छैन । यसबाहेक चार वटा अन्य दुष्चक्रलाई यहाँ उजागर गर्न खोजिएको छ । पहिलो राजनीतिक अस्थिरताको दुष्चक्र । नेपाल जस्ता गरिब देश राजनीतिक अस्थिरताको दुष्चक्रमा परिरहेका हुन्छन् । गरिबीको दुष्चक्र जस्तो वैदेशिक सहयोगले यो दुष्चक्रलाई तोड्न सक्दैन । राजनीतिक अस्थिरताले गर्दा सरकारले सुशासन कायम गर्न र संस्थागत क्षमता विकास गर्न सक्दैन । यसले गर्दा भ्रष्टाचार बढ्ने र सरकारको कार्य सम्पादन कमजोर रहने हुन्छ । फलस्वरूप पुँजीगत खर्च कमजोर रहने, लगानी नबढ्ने, र रोजगारी सिर्जना नहुने हुन्छ । सार्वजनिक सेवा प्रवाह कमजोर हुने र बेरोजगारीको अवस्थाले समाजमा असन्तोष सिर्जना गर्छ । सरकार विरोधी गतिविधि सुरु हुन्छ । सरकार परिवर्तन गरिएमा समस्या समाधान भइहाल्छ कि भन्ने मान्यतामा सरकारलगायत शासकीय व्यवस्था परिवर्तन गरिन्छ । जसले थप राजनीतिक अस्थिरता सिर्जना गर्छ ।

नेपालमा २००७ सालदेखि सरकार र शासन व्यवस्थामा निरन्तर परिवर्तन गर्दै आइएको छ । २००७ सालदेखि जनताले चुनेको संविधान सभाले संविधान बनाए मात्र जनपक्षीय हुने र राजनीतिक स्थिरता आउने भन्दै आइएको थियो । २०५२ सालमा सुरु गरिएको माओवादी सशस्त्र युद्धको मुख्य माग नै त्यही थियो । दुई पटकको संविधान सभाको निर्वाचनपश्चात् २०७२ सालमा नयाँ संविधान जारी गरियो । यसले नेपाललाई संघीय गणतान्त्रिक मुलुक बनाएको छ । संविधान कार्यान्वयन आएपछि दुई पटक मात्र निर्वाचन भएको छ । दोस्रो कार्यकाल नसकिँदै जनअसन्तोष चुलिएर जेनजी पुस्ताले आन्दोलन गरेको छ । जसको कारण ठुलो जनधनको क्षति भएको छ । धेरै सरकारी र निजी भौतिक संरचना ध्वस्त भएको अवस्था छ । यसले गर्दा नेपाली अर्थतन्त्रलाई पुनः ठुलो धक्का लागेको छ ।

दोस्रो, वैदेशिक रोजगारको दुष्चक्र । आन्तरिक रोजगारीको अभावले धेरै नेपाली वैदेशिक रोजगारीमा गएका छन् । २०५२ देखि २०६२ सम्मको माओवादीले सुरु गरेको आन्तरिक सशस्त्र द्वन्द्वको समयमा गाउँबाट विस्तापित भई सहर र त्यसपछि वैदेशिक रोजगारीमा बाध्यतामक रूपमा जान सुरु गरेको पाइन्छ । अहिले कतिपय रहरको रूपमा पनि जाने गरेको पाइन्छ । यसले थप वैदेशिक रोजगारीमा नै जानुपर्ने चक्र सिर्जना गरेको छ । स्वदेशमा रोजगारी नपाएर वा भने जस्तो काम नपाएर ठुलो संख्यामा युवा रोजगारी र अध्ययनको लागि बाहिर गइरहँदा आन्तरिक अर्थतन्त्रमा मागमा कमी भएको छ । मागमा कमी आएपछि उत्पादनको बिक्री कम भई अर्थतन्त्रमा लगानी कम भएको छ । लगानी कम हुँदा रोजगारी सिर्जना भन् कम भएको छ । रोजगारी सिर्जना कम भएपछि थप युवा वैदेशिक रोजगारीमा जानुपर्ने बाध्यता भएको छ । कतिपय अवस्थामा आवश्यक श्रमशक्ति कम भएर पनि लगानी र उत्पादन भएको छैन, जस्तै कृषि र निर्माण क्षेत्रमा । अर्कोतर्फ वैदेशिक रोजगारमा गएर पठाएको विप्रेषणले विदेशी मुद्रा उपलब्ध गराएकोले सजिलै विश्वको कुनै पनि कुनाबाट आयात गर्न सकिने भएको छ । जति बढी आयात गऱ्यो त्यति बढी आन्तरिक उत्पादनलाई प्रतिस्थापन गरेको छ । आन्तरिक उत्पादन कमजोर हुँदा रोजगारी सिर्जना भन् कमजोर भएको छ र थप वैदेशिक रोजगारीमा जानुपर्ने बाध्यता छ । यसरी वैदेशिक रोजगारीको दुष्चक्र नेपालमा प्रबल रूपमा चलेको छ ।

तेस्रो, प्राकृतिक विपत् दुष्चक्र । नेपालमा पहाडी भुभाग र नदीनाला रहेका छन् जसले गर्दा बाढी र पहिरोको जोखिम उच्च छ । हिउँदभरि गरिएका सडक, जलविद्युत् लगायतका भौतिक निर्माण वर्षाको समयमा आउने बाढी पहिरोले ध्वस्त पार्ने गरेको छ । प्राकृतिक विपत्का कारण बर्सेनि ठुलो जनधनको क्षति पुग्ने गरेको छ । यसले गर्दा अर्थतन्त्रले उच्च प्रगति गर्न सकेको छैन । प्राकृतिक विपत्ले गरिब घर परिवारलाई सबैभन्दा बढी प्रभाव पार्ने गरेको छ । अझ पछिल्लो समय सडक निर्माणले बढी नै प्राथमिकता पाउने गरेको छ । स्थानीय तहदेखि प्रदेश र संघीय सरकारको प्राथमिकता पनि सडक निर्माण हुने गरेको छ । त्यस्तै, मतदाताको माग पनि सडक निर्माण हुने गरेको छ । मतदातालाई पनि केही गरे भनेर देखाउन पनि सडक निर्माणले प्राथमिकता पाउने गरेको छ । सडक निर्माण वैज्ञानिक ढङ्गबाट नहुँदा बढी भूक्षय जाने भई बढी प्राकृतिक विपत् सिर्जना भएको छ ।

चौथो, भूपरिवेष्टिताले सिर्जित परनिर्भरताको दुष्चक्र । नेपाल भूपरिवेष्टित भएकाले नेपालले सहजै निर्यात गर्न सक्दैन । साथै, यसका कारण आन्तरिक उत्पादन लागत बढी छ । यसले गर्दा नेपाली उत्पादनले आयातित वस्तुसँग प्रतिस्पर्धा गर्न सक्दैन । फलस्वरूप, आन्तरिक उत्पादन बढ्न सक्दैन । आन्तरिक उत्पादन बढ्न नसक्दा रोजगारी सिर्जना कम हुन्छ । रोजगारी उपलब्ध नभए पछि युवा वैदेशिक रोजगारीमा जानुपर्ने हुन्छ । वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणले अझ बढी आयात बढाउँछ । यसले वैदेशिक रोजगारको दुष्चक्रलाई पनि सहयोग पु-याएको छ ।

दुष्चक्र तोड्ने उपाय

गरिबीको दुष्चक्र तोड्न नेपालले सन् १९५१ देखि वैदेशिक सहयोग लिन थालेको हो । यससँगै योजनाबद्ध विकासको प्रयास पनि गरिरहेको छ । नेपालले द्विपक्षीय र बहुपक्षीय रूपमा वैदेशिक अनुदान र सहुलियत पूर्ण ऋण लिँदै आएको छ । सन् १९५१ को तुलनामा नेपालमा थुप्रै आर्थिक सामाजिक विकास भएको छ, गरिबी घटेको छ, शिक्षा र स्वास्थ्य पहुँच पुगेको छ । साक्षरता दर र औसत आयु बढेको छ । साथै प्रति व्यक्ति आम्दानी पनि बढेको छ । सोही समयमा विकास सुरु गरेका कतिपय दक्षिण पूर्वी एसियाली देशभन्दा नेपाल अझै पछाडि छ । विकसित देशसँगको विकासको अन्तराल अझ बढी बढेको छ । यसले पनि युवालाई निराश पारेको छ । प्राप्त वैदेशिक सहयोग सही ढङ्गले सदुपयोग नभएको, यसमा पनि विभिन्न चरणमा भ्रष्टाचार भएका थुप्रै अध्ययनमा पाइएका छन् । वैदेशिक सहयोगको ठुलो हिस्सा कुनै न कुनै रूपमा दाताहरूकोमा नै फिर्ता भएको स्थिति छ । तापनि गरिबीको दुष्चक्र एक हदसम्म तोडिएको र तोडिने क्रममा छ । पछिल्लो समय वैदेशिक रोजगारीबाट प्राप्त आयले पनि राष्ट्रिय बचत बढाइरहेको र गरिबी घटाइरहेको स्थिति छ । लगानीको लागि वित्तीय साधन उपलब्ध भइरहेको छ । उपलब्ध वित्तीय साधनको उत्पादनमुखी उपभोग र लगानीमा सदुपयोग हुन नसकेको पाइएको छ । यसले गर्दा वित्तीय साधन उपलब्ध हुँदा पनि आन्तरिक रोजगारी र आय बढाउँदै तीव्र दरमा गरिबी घटाउन नसकिरहेको स्थिति छ ।

❖ बाँकी तेस्रो पृष्ठमा

असोजभित्रै सहकारीको दर्ता अभिलेखीकरण सुरु हुने

झापा(प्रस) । राष्ट्रिय सहकारी नियमन प्राधिकरणले सहकारी दर्ताका लागि आफ्नो छुट्टै सफ्टवेयर निर्माण गरेको छ । उक्त सफ्टवेयरमार्फत नै असोज महिनाभित्र सहकारी दर्ता प्रक्रियाको थालनी गर्ने बताइएको हो ।

सहकारी दर्ताका लागि छुट्टै दर्ता अभिलेखीकरण सफ्टवेयर निर्माण भई लन्च गर्ने तयारी भइरहेको पनि प्राधिकरणले बताएको छ । पत्रकार सम्मेलनमा बोल्दै प्राधिकरणका कार्यकारी निर्देशक डा. शेषनारायण पौडेलले बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको दर्ता, नियमन, सुपरिवेक्षण, अनुगमन तथा प्रतिवेदन प्रणाली लगायतका विषयमा राष्ट्रिय मापदण्ड बनाइ कार्यान्वयन गर्ने, गराउने काम प्राधिकरणले गर्ने बताए ।

उनले बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको सञ्चालन सम्बन्धमा नियामयकी मापदण्ड जारी गर्ने पनि बताए । उनले बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाहरूको सञ्चालन सम्बन्धमा जारी गरेको नियामकीय मापदण्ड, २०८२ लागू भई कार्यान्वयनको चरणमा रहेको बताए । बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाहरूको दर्ता अभिलेखीकरण सम्बन्धी निर्देशन जारी भई कार्यान्वयनको चरणमा रहेको पौडेलले बताए ।

असोज महिनादेखि ऐनको व्यवस्थाअनुसार बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी, सङ्घ संस्थाको अनलाइन प्रणालीमार्फत दर्ता अभिलेखीकरण सुरु गरिने उनले बताए । बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाहरूलाई प्राधिकरणले दर्ता अभिलेखीकरणका लागि आह्वान गरेको ६० दिनभित्र आवश्यक विद्युतीय प्रणालीमा प्रविष्ट गराइ रुजुपश्चात् प्रक्रिया पूरा गरी दर्ता प्रमाणपत्र उपलब्ध गराइने जानकारी दिए ।

मापदण्ड, २०८२ जारी गरिएको उनले बताए ।

त्यस्तै बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाहरूको साधारण सभा सञ्चालन

सुदूरपूर्वी ...

फर्किए । उनी एक श्रीमती र दुई छोरासहित दशैं मान्न नेपाल फर्किएका हुन् । उनले अहिले आफू देहरादुनमा एक कम्पनीमा व्यवस्थापकमा कार्यरत रहेको बताए । 'घरमा ८२ वर्षको बुवा र ७८ वर्षको आमा हुनुहुन्छ ' धौरालीले भने,' घरमा रहेका बृद्ध बा– आमाको हातबाट टीका र जमरा अनि आशीर्वाद थाप्न सपरिवार आफ्नो पुख्र्यौंली घर फर्केका हौ । ' धौरालीले थातथलोमा परिवारसँगै बसेर दशैं मनाउन नपाएको तीन वर्ष भएछ ।

यसवर्षको दशै बृद्ध बा आमासहित सवै परिवारसँगै बसेर मनाउने धोकोसहित आफ्ना दुई छोरा र श्रीमतीसहित नेपाल आएको उनको भनाई छ । वर्षमा एकपटक आउने महान चाड दशैंमा सबै आफ्नो मुल र पुख्र्यौंली थलोमा भेला भएर वर्षभरिका दुःख सुख बिर्सेर एक छाक भएपनि मिठो मसिनो खादै एक आपसमा मनोरञ्जन गर्दै खुशी साटासाट गर्ने चलन छ । त्यहि भएर पनि सायद घर छाडेर बाध्य भई विदेशिएकाहरु दशैंमा चाँहि जसरी भएपनि घर फकिन्छन् ।

पश्चिम नेपाल र पूर्वी पहाडी जिल्लाबाट रोजगारका लागि अधिकाँश नेपाली भारतको दिल्ली, मुम्बई , कोलकाता, मेघालयसम्म जाने गरेका छन् । उता धेरै नेपालीहरु भारतीय प्रहरी र सेनामा समेत कार्यरत छन् । दशै तिहारमा उनीहरु घर फर्किन्छन् आफ्ना परिवारलाई सम्झेर ।

भारतीय सेनामा कार्यरत स्याङ्जा पुतली बजारका रामवहादुर पुन भन्छन्–'मैले दुई वर्षदेखि बाबा आमाको हातको टीका थापेको छैन त्यसैले पनि म घर फर्केको हुँ । 'आफूसहित नवलपरासीका एकजना गरी दुईजना घर आएको उनले बताए । उनको पल्टनमा नेपालका विभिन्न जिल्लाका दुई दर्जनबढी नेपाली कार्यरत छन् । यस अधिका दशैंमा नाकामा चेकजाँचका नाममा भारतीय तथा नेपाली सुरक्षाकर्मीबाट अनावश्यक सास्ती पाउने खवर सुनिए पनि यस पटक त्यस्तो केही समस्या नभएको उनको भनाई छ ।

दशैंका बेला नाकामा नेपालीबाटै नेपाली लुटिने, ठगिने गरेको गुनासो बढेपछि स्थानीय प्रशासनले नियमन गर्न नाकामा चेकजाँचलाई कडाई गरेको छ । सीमा क्षेत्रमा भारतलगायत अन्य ठाउँबाट नेपाल फर्किने कुनै पनि नेपालीले दुःख नपाओस् भनेर सुरक्षा व्यवस्था मजबुत बनाइएको इलाका प्रहरी कार्यालय काँकरभिट्टाले जनाएको छ ।

अटो रिक्सा चालकले बढी भाडा लिएमा, यात्रुलाई अनावश्यक तानातान गरेमा, चेकजाँचका नाममा सुरक्षाकर्मीले दुःख दिएको देखिएमा कारबाहीको दायरामा ल्याइने कार्यालय प्रमुख प्रहरी नायव उपरीक्षक राजन लामाले बताए । सीमा नाकामा विभिन्न बहानामा यात्रुहरूलाई दुःख दिने, ठग्ने जस्ता कार्य अपराध भएकाले यसमा संलग्नलाई कानूनी कारवाही गर्ने उनले बताए । अटो रिक्सा चालकहरूले यात्रुबाट मनपरी रूपमा भाडा लिएमा , यात्रुलाई तानातान गर्नेलगायत अनय दुःख दिने काम गरेमा तत्काल प्रहरीलाई खवर गर्न उनले भनेका छन् । निर्धारण गरिएको भन्दा बढी भाडा असुल्नेलाई कारबाही गरिने प्रहरी नायव उपरीक्षक लामाले बताए ।

सुशासन...

सबैभन्दा गाह्रो राजनीतिक अस्थिरताको दुष्चक्र तोड्नु पर्छ । वित्तीय साधन र प्रविधि बाहिरबाट पनि आयात गर्न सकिन्छ । राजनीतिक संस्कार र संस्कृति सकिँदैन । नेपालमा अहिलेसम्म विश्वमा भएका विभिन्न राजनीतिक प्रणालीको प्रयोग भइसकेको छ । जहाँनिया शासन, दलविहीन राजतन्त्र, संवैधानिक राजतन्त्र, गणतन्त्र र संसदीय संघीयता । अब बाँकी सिधा निर्वाचित कार्यकारी प्रधानमन्त्री वा राष्ट्रपति मात्र बाँकी रहेको छ । करिब १० देखि १५ वर्षको अवधिमा राजनीतिक र शासकीय प्रणाली परिवर्तन हुने गरेको छ । जबसम्म जनता र सरोकारवालाले शासकीय व्यवस्था साध्य नभई साधन मात्र हो भन्ने बुझ्दैन, तबसम्म राजनीतिक परिवर्तनबाट मात्र समाधान खोज्ने प्रवृत्तिले निरन्तरता पाउने छ ।

सुशासन, संस्थागत र व्यक्तिगत क्षमताको विकास, पारदर्शिता, जवाफदेहिता र विश्वसनीयता बढाउन सकेमा मात्र राजनीतिक अस्थिरताको दुष्चक्र तोड्न सकिएला । देश विकासको साझा अवधारणा र दायित्व, विविधतायुक्त समाज र विचारमा न्यूनतम समझदारी, सहअस्तित्व र सहकार्य गर्ने प्रवृत्तिबाट मात्र यो दुष्चक्र तोड्न सकिन्छ ।

वैदेशिक रोजगारको दुष्चक्र तोड्न आन्तरिक अर्थतन्त्रमा लगानी र उत्पादन गरिनु पर्छ । आन्तरिक उत्पादनको उपभोग गरिनु पर्छ । हामीमा आयातित वस्तु उपभोग गर्ने बानी छ । आयातित वस्तु उपभोग गर्दा सामाजिक मर्यादा बढ्ने सोच र प्रवृत्ति छ । यसमा परिवर्तन ल्याउनु पर्छ । अर्कोतर्फ श्रमलाई अवहेलना गर्ने संस्कृति छ । कृषि र निर्माण क्षेत्रमा श्रमिकको अभावले छिमेकी देशबाट काम गर्न आउने गरेका छन् । सानोतिनो भए पनि उपलब्ध काम गर्ने, क्षमता बढाउने प्रवृत्ति सिर्जना गर्नु पर्छ ।

जलवायु परिवर्तन र हाम्रो अवैज्ञानिक सडक निर्माणले निम्ताएको प्राकृतिक विपत्को दुष्चक्र रोक्न वातावरणमैत्री ढङ्गले विकासका काम गरिनु पर्छ । पहाडी भेकमा अनावश्यक रूपमा डोजर लगाएर सडक खन्ने काम गरिनु हुँदैन । जलवायु परिवर्तनले ल्याउन सक्ने प्रभावको अध्ययन विश्लेषण गरेर मानवीय र भौतिक क्षति कम गर्ने उपाय अपनाउनु पर्छ । बाढी पहिरोको जोखिम रहेका बस्ती समयमा नै स्थानन्तरण गरिनु पर्छ ।

प्रकृतिले दिएको भूपरिवेष्टितालाई बदल्न सकिँदैन । यसले गर्दा बाह्य व्यापार महँगो भएको छ र हाम्रो परनिर्भरता बढेको छ । यसै कारण नेपाली उत्पादनको प्रतिस्पर्धी क्षमता कमजोर छ । भूपरिवेष्टिताले सिर्जित परनिर्भरताको दुष्चक्र तोड्न सूचना प्रविधि र पर्यटनलाई प्राथमिकतामा राख्नुपर्ने खाँचो छ । आँधिबेहरी भैं आएको जेनजी आन्दोलन र यसका आधारमा निर्मित नयाँ सरकारले अर्थतन्त्रका दुष्चक्र तोडेर राजनीतिक परिवर्तनलाई स्थायित्व दिई अर्थतन्त्रलाई अगाडि बढाउने प्रयास गर्नुपर्ने छ । पटक पटक सतामा गए पनि सुशासनसहितको शासन गर्न नजानेका परम्परागत दलले पनि आत्मसमीक्षा गरी अर्थतन्त्रका दुष्चक्र तोड्न लाग्नु पर्छ ।

८० प्रतिशतभन्दा बढी डेन्टल डाक्टर फेल

झापा(प्रस) । नेपाल मेडिकल काउन्सिल (एनएमसी) ले हालै प्रकाशित गरेको चिकित्सक दर्ता प्रमाणपत्र (लाइसेन्स) परीक्षाको नतिजाले देशको चिकित्सा शिक्षाको स्तरबारे गम्भीर शंका उब्जाएको छ ।

एमबीबीएस र बीडीएस सकाएर चिकित्सक बन्ने तयारी गरेका सयौं विद्यार्थी पहिलो खुड्किलोमै फेल भएका छन् । विशेषगरी डेन्टल (बीडीएस) तर्फको नतिजा पूर्णरूपमै निरासाजन आएको छ ।

यस्तो परिणामले चिकित्साशास्त्र पढाउने विश्वविद्यालय र कलेजहरूको शैक्षिक गुणस्तरमाथि प्रश्न उठाएको छ । नेपाल मेडिकल काउन्सिलले सञ्चालन गरेको चिकित्सक दर्ता प्रमाणपत्र लाइसेन्स परीक्षामा ६१ प्रतिशत फेल भएका छन् ।

काउन्सिलले गत बुधबार र बिहीबार चिकित्सक दर्ता प्रमाणपत्र परीक्षा सञ्चालन गरेको थियो । यसपटकको लाइसेन्स परीक्षाको नतिजा भने निरासाजनक देखिएको छ ।

जसमा एमबीबीएस र बीडीएसमा गरी १ हजार ७७ जना परीक्षा दिएका मध्ये ६५६ जना फेल नै भए । एमबीबीएसमा भने ४२ प्रतिशत र बीडीएसमा १८ प्रतिशत मात्रै पास भएका छन् ।

काउन्सिलका अनुसार एमबीबीएस र बीडीएसमा गरी ३९.०९ प्रतिशत मात्रै पास भएका छन् । काउन्सिलका रजिष्ट्रार डा. सतीशकुमार देवका अनुसार परीक्षाका लागि १ हजार १०३ जनाले फारम भरेकामा २६ जना अनुपस्थित थिए ।

एमबीबीएसतर्फ ९१५ जनाले फारम भरे पनि २१ जना अनुपस्थित थिए । ८९४ जनाले परीक्षा दिएकोमा ३८६ जना मात्रै पास भए । यस्तै बीडीएसतर्फ १८८ जनाले फारम भरेका थिए । तर ५ जना अनुपस्थित रहे । १८३ सहभागीमध्ये ८१ प्रतिशत फेल भए ।

यसबीच चिकित्सा शिक्षा आयोगले एमबीबीएस र बीडीएसमा भर्ना सिट संख्या बढाउने निर्णय गरेको बेला यस्तो कमजोर नतिजा सार्वजनिक भएको हो ।

चिकित्सा शिक्षा आयोगले ३० साउनमा २१औं बैठकले एमबीबीएसमा १,३५९ सिट थपेर २,६३५ पुऱ्याएको छ । बीडीएसको सिट ६२५ बनाइएको छ । सिट बढाउँदा गुणस्तर खस्किन्छ भन्ने सरोकारवालाहरूको चेतावनीलाई झनै पुष्टि गरेको छ ।

एनएमसीका रजिष्ट्रार डा. सतीशकुमार देवका अनुसार यसपटक अनुत्तीर्ण हुनेहरूमा अघिल्ला परीक्षामै फेल भएकाहरूको संख्या धेरै छ ।

तर, ठूलो संख्यामा विद्यार्थी असफल हुनुले शैक्षिक संस्थाको अध्यापन पद्धति, पाठ्यक्रम र विद्यार्थीको तयारी नै कमजोर भएको कटु सत्य उजागर गरेको छ । विज्ञका अनुसार सिट संख्या बढाएर मात्रै डाक्टर उत्पादन गर्ने नीति घातक बन्न सक्छ ।

अब सरकार र नियामक निकायले चिकित्सा शिक्षाको सम्पूर्ण ढाँचा पुनरावलोकन गर्ने, कमजोर शैक्षिक संस्थामाथि कडाइ गर्ने र विद्यार्थीलाई लाइसेन्स परीक्षामा सक्षम हुने स्तरको बनाउने कदम तत्काल चाल्नुपर्ने विज्ञको सुझाव छ ।

२०८२ सालको विजयादशमी, शुभदिपावली, नेपाल सम्बत् ११४६ तथा छठ पर्वको पावन अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौं ।

तिर्थराज पोखेल
ॐ उन्नति पोखेल निर्माण सेवा परिवार
चन्द्रगढी, झापा

नेपालमा बढ्दै गइरहेको डेङ्गु रोगबाट बच्न सुत्नेबेलामा झुल लगाएर सुतौं, पुरा शरिर ढाक्ने लुगा लगाऔं, वरीपरि पानी जम्न नदिऔं । जन्म, मृत्यु, विवाह तथा सम्बन्धविच्छेद जस्ता कुराहरु समयमै दर्ता गराऔं साथै महान चाड बडादशैं, दिपावली, नेपाल सम्वत् तथा छठ पर्वको अवसरमा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

अध्यक्ष : कालेन्द्रप्रसाद सिंह राजवंशी
उपाध्यक्ष : नवराज भट्टराई
कचनकवल गाउँपालिकाको कार्यालय परिवार
बनियानी, झापा

नेपालमा बढ्दै गइरहेको डेङ्गु रोगबाट बच्न सुत्नेबेलामा झुल लगाएर सुतौं, पुरा शरिर ढाक्ने लुगा लगाऔं, वरीपरि पानी जम्न नदिऔं । जन्म, मृत्यु, विवाह तथा सम्बन्धविच्छेद जस्ता कुराहरु समयमै दर्ता गराऔं साथै महान चाड बडादशैं, दिपावली, नेपाल सम्वत् तथा छठ पर्वको अवसरमा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

वडा अध्यक्ष : टेकबहादुर खड्का (काजी)
भद्रपुर नगरपालिका १० नं वडा कार्यालय परिवार
झापा

२०८२ सालको विजयादशमी, शुभदिपावली, नेपाल सम्बत् ११४६ तथा छठ पर्वको पावन अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्य एवम् दिर्घायुको कामनासहित हार्दिक शुभकामना ब्यक्त गर्दछौं ।

अध्यक्ष : दिपक नेपाल
अलैंची व्यवसायी महासंघ परिवार
बिर्तामोड, झापा

सुपर काईनेटिक एक्सप्रेस कुरियर

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर

सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा,
अदुवा खोला छेउ

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर	दमक	मेचीनगर	उर्लाबारी	इलाम, मंगलबारे	काकँरभिट्टा	झापा बजार
लोकबहादुर कुँवर : ९८४२६८३९९६ द्रोण अधिकारी : ९८४२६२८७९१	विष्णु सुब्बा : ९८५२६७०१३७ देविबहादुर बस्नेत : ९८१७९२४६२१	चारआली : ९८४२७०३०१३ गोबिन्द घिमिरे : ९८१५९५७०१५०	रुपेन्द्र शेर्मा : ९८४२०९२४०६ विराटनगर क्रिष्टिभ आई: ०२१-५२५६१८	रणवीर लिम्बू ९८१६९८४७५७	फ्रेन्डसिप पुस्तक पसल ०२३-५६२४२४	बरत राजवंशी ९८१७०४९००१

आजको राशिफल

मेष भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ । स्वास्थ्यमा गडबढी भई कामकाजमा असर

वृष भगवानको आशीर्वादले भने काम बन्नसक्छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ

मिथुन रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आकस्मिक धन लाभ हुनेछ ।

कर्कट मिहिनेत गर्दा अधिक प्रगति हुनेछ । तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ

सिंह दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् ।

कन्या आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति

तुला सामान हराउने वा चोरी हुने सम्भावना छ ।

वृश्चिक दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

धनु आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

मकर आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर र हिम्मत पनि

कुम्भ कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

मिन सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ